
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०१९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ १३ गते सोमबार ❑ 29 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## दृढ सङ्कल्पका साथ निर्वाचनमा लाग्न अध्यक्ष ओलीको निर्देशन

रासस
काठमाडौं, १२ भदौ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनमा आफ्नो पार्टीलाई बहुमत हासिल गराउने दृढ आत्मविश्वास र सङ्कल्पका साथ लाग्न नेता कार्यकर्तालाई निर्देशन दिनुभएको छ ।

एमालेको केन्द्रीय निर्वाचन परिचालन कमिटीको पहिलो बैठकलाई आइतबार सम्बोधन गर्दै अध्यक्ष ओलीले अबको निर्वाचनमा पार्टीले विजय हासिल गर्नुभनेको एमालेका लागि मात्र नभई सिङ्गो राष्ट्र जोगाउनका लागि हो भन्नुभयो ।

अध्यक्ष ओलीले देशको विकास र समृद्धि तथा जनताको जीवन सुखमय बनाउने नीतिहरू एमालेसँग मात्र रहेका र ती नीति कार्यान्वयनका लागि निर्वाचनमा बहुमत प्राप्त गरी सरकार गठनको निम्ति परिचालित भई पार्टीलाई विजयी बनाउन सिङ्गो पार्टीपंक्तिलाई निर्देशन दिनुभयो । अध्यक्ष ओलीले नागरिकता विधेयकका सन्दर्भमा गठबन्धन दलहरूले एमालेका विरुद्धमा भ्रम फैलाउने प्रयास गरिरहेको आरोपलगाउँदै जन्मसिद्ध नागरिकले वंशजको नागरिकता पाउनुपर्ने एमालेको धारणा रहेको स्पष्ट गर्नुभयो । बैठकले निर्वाचन परिचालन कमिटीको कामलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सचिवालय गठन गरेको छ । सचिवालयको संयोजकमा केपी शर्मा ओली र सदस्यहरूमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, सुवास नेम्वाङ, सुरेन्द्रप्रसाद पाण्डे, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल, सचिवहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, गोकर्ण विष्ट, योगेश भट्टराई, छविलाल विश्वकर्मा, रघुवीर महासेठ, पद्माकुमारी अर्याल, नेताहरु थममाया थापा, विष्णु रिजाल, नीरज आचार्य, रमेश बडाल, धर्मराज रेग्मी, प्रेम दङ्गाल, सुनिता बराल, किरण पौडेल, भीष्म अधिकारी, गगन विष्ट, केदार कोइराला, डिल्लीरम मैनाली, परशुराम बस्नेत र विनोद पाण्डे रहनुभएको छ ।

## सराङकोटमा प्रथम तिज मेला सुरु

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ




गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले संस्कृतिमा नेपालीपन हराउदै गएमा राष्ट्रियता समेत हराउन सक्ने खतरा भएको बताउनु भएको छ ।

सराङकोटमा आइतबार देखि सुरु भएको प्रथम तीज मेलाको उद्घाटन गर्दै मन्त्री बरालले राष्ट्रिय भनेको भूगोल मात्र नभई संस्कृतिसंग समेत जोडिएकोले कुनै देशको संस्कृति हराउदा राष्ट्रियता नै हराउन सक्ने खतरा हुने भएको बताउनु भएको हो ।

नेपालीपन र नेपाली संस्कृति हराएमा नेपालको राष्ट्रियता हराउने उहाँको दाबी थियो । तिजले नेपाली भाषा, समाजको सथार्थता छर्लङ्ग पार्न सक्नुपर्ने बताउदै मन्त्री बरालले समाजको ऐन तिज गितमा झल्कनुपर्नेमा जोड दिनु भयो । इतिहास हेर्दा कृषि पर्वको रुपमा तिज पर्वलाई मनाउदै आएको मन्त्री बरालको भनाई छ । नेपाली संस्कृतिलाई हामीले संरक्षण गर्नुपर्ने बताउदै मन्त्री बरालले पछिल्लो समयमा तिजमा विकृति बढ्दै गएको दाबी गर्नु भयो । तिजमा हुने गरेको विकृतिलाई अन्त्य गर्न नसके तिज नेपाली परम्पराको पर्व नभई अन्य कसैको पर्वको रुपमा हुन सक्ने खतरा रहेको उहाँको भनाई थियो । एक महिना देखि विभिन्न बहानामा दरखाँदै हिड्नु, विभिन्न प्रकारका नृत्य प्रर्दशन गर्नु कति उचित हो, के हाम्रो यस्तै संस्कृति हो भनी मन्त्री बरालले प्रति प्रश्न गर्नु भयो । अधिकार प्राप्तिसँगै आम नागरिकहरुलाई अब कर्तव्य पालना गराउन उत्प्रेरणा जगाउनु पर्ने समय आएको उहाँको भनाई थियो । निर्वाचनका वेला सराङकोटमा पिउने पानीको व्यवस्था मिलाउन प्रयास गर्छु भनेकोमा हाल करिब ९५ प्रतिशत खानेपानीको व्यवस्था भएको मन्त्री बरालको दाबी थियो । नेपाली कांग्रेसकी नेतृ शारदा पौडेलले सराङकोटबासीलाई विकास र समृद्धिको लागि एक हुन आग्रह गर्नु भयो । मञ्चका अध्यक्ष महेशकुमार तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा १८ का अध्यक्ष शिव तिमिल्सिना, राष्ट्रिय भूमि आयोग कास्कीका प्रवक्ता आसबहादुर गुरुङ, कांग्रेस नेता डिल्लिराम तिमिल्सिना, नेकपा माओबादी केन्द्रका नेता राजु शर्मा तिमिल्सिना, पुर्णाखर तिमिल्सिना, नेकपा एकिकृत समाजबादीका नेता गंगाधर तिमिल्सिना, मञ्चका पूर्व अध्यक्ष कृष्ण प्रसाद तिमिल्सिना जोशी लगायतले वोल्नु भएको थियो ।

सराङकोटको अन्नपूर्ण सामुदायिक विकास मञ्च, महिला साना किसान कृषि सहकारी, नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब अफ पोखरा सराङकोटको संयुक्त आयोजनामा उक्त मेला भदौं १४ गतेसम्म संचालन हुने भएको बलराम तिमिल्सिनाले बताए । तिज गित प्रतियोगिताको विजेतालाई ६६ हजार ६ सय ६६, उपविजेतालाई ३३ हजार ३ सय ३३ र तेश्रो हुनेलाई २२ हजार २ सय २२ रुपैया प्रदान गरिने भएको छ ।

## जबराविरुद्ध बारले बुझायो २४ बुँदे प्रमाण

रासस
काठमाडौं, १२ भदौ

नेपाल बार एशोसिएशनले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबरामाथिको महाभियोग पुष्टि हुने ३४ बुँदे प्रमाणसहितको पत्र सङ्घीय संसद् को महाभियोग सिफारिस समितिलाई बुझाएको छ ।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालले महाअभियोग पुष्टि हुने प्रमाण कागजातसहितको पत्र आज समितिमा बुझाएको हो । पत्रमा प्रधानन्यायाधीश जबरा उपरको नेपालका संविधानको धारा १०१ बमोजिम महाभियोग प्रस्तावलाई पुष्टि गर्ने महाभियोग आरोपसँग सम्बन्धित कागजात, विवरण, जानकारी लगायतका प्रमाणहरू पठाएको उल्लेख छ । "प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराउपर नेपालको संविधानको धारा १०१ बमोजिम महाभियोग प्रस्तावलाई पुष्टि गर्नका लागिमहाभियोग आरोपसँग सम्बन्धित कागजात, विवरण, जानकारी लगायतको प्रमाणहरू पेश गरिएको छ", उक्त पत्रमा लेखिएको छ । महाअभियोग सिफारिस समितिले यही भदौ १५ गते निलम्बित प्रधानन्यायाधीश जबरालाई बयानका बोलाउने निर्णय गरेको थियो ।

## नेकपा (माओवादी केन्द्र)को जिल्ला संयोजकमा आले

पोखरापत्र संवाददाता
दमौली, १२ भदौ

नेकपा (माओवादी) केन्द्र तनहुँको संयोजकमा ओमराज आले चयन हुनुभएको छ । माओवादी केन्द्र गण्डकी प्रदेश कमिटीको आइतबार सम्पन्न बैठकले आलेलाई जिल्ला संयोजकमा चयन गरेको हो । आले यसअघि पार्टीको गण्डकी प्रदेश कमिटीको सचिवालय सदस्य हुनुहुन्थ्यो । यसअघिका जिल्ला संयोजक राजेन्द्रकेशरी न्यौपाने पार्टीको वैकल्पिक केन्द्रीय सदस्य चयन भएपछि आलेलाई संयोजकको जिम्मेवारी दिइएको हो ।

बैठकले निर्वाचन क्षेत्रीय कमिटी र पालिका कमिटीका संयोजक र इन्चार्जहरु पनि तोकेको छ । यसैगरी नेकपा (एकीकृत समाजवादी) तनहुँको अध्यक्षमा श्रीराम कार्की चयन हुनुभएको छ । सो पार्टीको आइतबार सम्पन्न विस्तारित बैठकले कार्कीलाई अध्यक्षमा चयन गरेको हो । यसअघिका अध्यक्ष शङ्करनारायण श्रेष्ठ पार्टीको केन्द्रीय सदस्य चयन भएपछि सचिव रहेका कार्की अध्यक्षमा पदोन्नति हुनुभएको हो । पार्टीको केन्द्रीय सर्कुलर अनुसार केन्द्रीय कमिटीमा रहेका सबैले जिम्मेवारी हस्तान्तरण गर्ने निर्देशन अनुसार जिल्ला श्रेष्ठ जिल्ला कमिटीबाट बिदा हुनुभएको हो । बैठकले जिल्ला कमिटीको उपाध्यक्षमा मनुमाया श्रेष्ठ र थमन आले, सचिवमा दुर्गाकुमार श्रेष्ठ, उपसचिवमा ऋषीराम पन्त, गजेन्द्रराज पन्थ र नरबहादुर रानाभाटसहित एक सय १५ सदस्यीय जिल्ला कमिटी पुनःगठन गरेको छ ।

## नवौं राष्ट्रिय खेलकुदलाई लक्षित गरी प्याराग्लाइडिङ खेलाडी छनोट

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरी कास्की जिल्लाबाट प्याराग्लाइडिङ खेलाडी छनोट भएका छन् ।

नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ सङ्घ गण्डकीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत यही भदौ ११ देखि १८ गतेसम्म पोखरामा हुने प्रदेशस्तरीय प्रतियोगिताका लागि खेलाडी छनोट गरेको सङ्घका अध्यक्ष तथा प्रदेश खेलकुद परिषद् का सदस्य वसन्तराज दवाडीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशस्तरीयका लागि दुई छुट्टाछुट्टै खेलका लागि खेलाडी छनोट गरिएको हो ।

छनोट हुनेमा पुरुष क्रसकन्ट्रितर्फ विजय गौतम, युकेश गुरुङ, सुशील गुरुङ र शेरबहादुर गुरुङ हुनुहुन्छ । त्यसमा आशिष थापा वैकल्पिकका खेलाडीका रुपमा हुनुहुन्छ । पुरुष एकुरेसीतर्फ रिकी पोडे, सुमन थापा, अमित थापा, सागर नेपाली र हरि थापा रहनुभएको छ । त्यसमा विष्णु गौतम वैकल्पिकका रुपमा हुनुहुन्छ । महिलातर्फको क्रसकन्ट्रिमा त्रिशा श्रेष्ठ र सुष्मिता सुनुवार तथा महिला एक्युरेसीमा कृषु पौडेल र रितु श्रेष्ठ रहनुभएको छ । छनोट भएका खेलाडीले भदौ १६ देखि १८ गतेसम्म पोखरामा हुने प्रदेशस्तरीय छनोटमा सहभागिता जनाउने कास्की जिल्ला खेलकुद कार्यालयका प्रमुख प्रकाश बरालले जानकारी दिनुभयो ।

## विश्वकै अग्लो स्थानमा गल्फ प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

उपल्लो मुस्ताङको लोमन्थाङ गाउँपालिकास्थित लोवथाङमा गल्फ प्रतियोगिता सम्पन्न भएको छ ।

समुन्द्री सतहदेखि चार हजार छ सय ४५ मिटरको उचाइमा रहेको उक्त कोर्समा 'टप अफ द वल्र्ड गल्फ च्यालेञ्ज' सम्पन्न भएको लोमन्थाङ गाउँपालिकाका अध्यक्ष टसी नुर्बु गुरुङले जानकारी दिनुभयो । "यो गल्फ प्रतियोगिता विश्वकै सर्वाधिक उचाइको भएको हाम्रो दाबी छ", उहाँले भन्नुभयो, "यस प्रतियोगिताले यहाँको सम्भावनालाई थप उजागर गरेको छ ।" प्रतियोगितामा कूल ३५ प्रतियोगी सहभागी भएको जानकारी दिँदै गुरुङले ८१ वर्ष उमेरसम्मका व्यक्तिले भाग लिएको बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा पुरुषतर्फ श्याम तामाङ र महिलातर्फ सुस्मा सिंह च्याम्पियन बन्नुभएको छ ।

अघिल्लो वर्ष उक्त स्थानमा गल्फको परीक्षण गरिएको थियो । उक्त स्थानमा गल्फ कोर्ष निर्माणका लागि पूर्वाधार तयार गर्न अघिल्लो वर्ष संसद् विकास कोषअन्तर्गत रु १० लाख विनियोजन गरिएको थियो ।

गाउँपालिकाले प्रतियोगिता सञ्चालनका लागि रु १० लाख छुट्याएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

## पाँच विधामा आठ सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौ

कला, सङ्गीत, साहित्य, अपाङ्गता र सामाजिक क्षेत्रका आठ व्यक्तित्व शनिबार सम्मानित भएका छन् । एक सय ५७औं मोती जयन्तीका अवसरमा उनीहरूलाई सम्मान समर्पण गरिएको हो ।

सार्थक प्रकाशन बागलुङले विसं २०७८ को 'सार्थक मोती सम्मान' बलेवाका कमलकुमार जिसी र विसं २०७९ को सुदर्शनकुमार श्रेष्ठलाई प्रदान गरेको हो । जिसी अपाङ्गता भएका व्यक्तिको शिक्षा र अधिकारका पक्षमा वकालत गर्दै आउनुभएको छ । म्याग्दीका श्रेष्ठ सामाजिक सेवाका क्षेत्रमा क्रियाशील हुनुहुन्छ । यस्तै धवल कला मन्दिरका तर्फबाट चार कलाकार सम्मानित हुनुभएको छ । विसं २०७८ को 'धवल मोती सम्मान'बाट कलाकार नारायणप्रसाद श्रेष्ठ मृत्युपर्यन्त र मुकुन्द शाक्य सम्मानित हुनुभएको हो । यस वर्षको उक्त सम्मान कलाकारद्वय बेदविक्रम शाक्य र मधुसुदन श्रेष्ठलाई प्रदान गरिएको हो । उहाँहरू कला र सङ्गीत विधातर्फबाट सम्मानित हुनुभएको हो । सोही समारोहमा स्मृति प्रकाशन बागलुङले बर्सेनि प्रदान गर्ने 'स्मृति युवा सम्मान' यस वर्ष दुई युवा स्रष्टालाई प्रदान गरिएको प्रकाशनका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो । विसं २०७८ को सम्मान पर्वत पाङ्का स्रष्टा गुणराज पौडेल 'गुराँस' र यस वर्षको सम्मान बागलुङको जैमिनी नगरपालिका निवासी स्रष्टा निर्मला सुवेदीलाई प्रदान गरिएको हो । पौडेलको मुक्तक कृति प्रकाशित छ भने सुवेदी जैमिनी साहित्य मञ्चका अध्यक्ष हुनुहुन्छ । समाजसेवी देवबहादुर श्रेष्ठ र प्रकाशनका अध्यक्ष रोशनले सम्मानित व्यक्तित्वलाई खादासहित सम्मानपत्र प्रदान गर्नुभएको थियो । गत वर्ष कोभिड-१९ का कारण कार्यक्रम स्थगन भएपछि दुई वर्षको सम्मान एकैसाथ प्रदान गरिएको हो । समाजका विभिन्न क्षेत्रमा क्रियाशील रही योगदान दिएका व्यक्तिलाई सम्मान गरिएको प्रकाशनका अध्यक्ष रोशनले बताउनुभयो । मोती जयन्तीमा कला, सङ्गीत र साहित्य क्षेत्रमा क्रियाशील व्यक्तित्व सम्मानित हुँदै आएका छन् । सार्थक प्रकाशन, धवल कला मन्दिर र स्मृति प्रकाशनले संयुक्तरूपमा मोती जयन्ती मनाउँदै आएका छन् । सो समारोहमा कलाकार र सर्जकले आफ्नो प्रस्तुति राखेका थिए । "समाजका विविध क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिलाई बर्सेनि मोती जयन्तीमा सम्मान गर्दै आइरहेका छौं", प्रकाशनका अध्यक्ष काजी रोशनले भन्नुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लामाचौर तीज महोत्सव सुरु

**पोखरापत्र संवाददाता**

**पोखरा, १२ भदौं**

२४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ आजदेखि सुरु भएको छ । नव आदर्श सामुदायिक विकास समाजको आयोजनामा भदौ १२ देखि सुरु महोत्सव भदौ १४ सम्म चल्नेछ ।




महोत्सवको मुख्य आकर्षणको रुपमा महिला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता, अन्तर महिला समूह तीजगीत प्रतियोगिता, पवित्रा गणेश अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता, बाल उद्यान, औद्योगिक तथा विभिन्न व्यापारिक स्टलहरु, झाँकी प्रदर्शनी, राष्ट्रिय तथा स्थानीयस्तरका कलाकारको दैनिक प्रस्तुति रहेका छन् । महोत्सवमा विभिन्न प्रकारका करिब ५० स्टल रहेका छन् ।

तीजको संस्कृति रक्षा सहित समग्र लामाचौर क्षेत्रको विकासका लागि आफूहरुले महोत्सवलाई निरन्तरता दिएको संस्थाका अध्यक्ष रेश्मा शेरचन अधिकारीले बताइन् । २०५४ सालमा स्थापित नव आदर्श सामुदायिक विकास समाजले हरेक वर्ष तीज अवसरमा लामाचौर तीज महोत्सव आयोजना गर्दै आएको छ । कोरोनाका कारण गएका वर्ष महोत्सव प्रभावित भएको थियो । यसपालि संस्थाको रजत जयन्ती अवसरमा भएकोले पनि संस्थाले विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्ले महोत्सव उद्घाटन गर्दै नवआदर्श सामुदायिक विकास समाजले खेलकुद क्षेत्रमा पुऱ्याएको योगदानको प्रसंसा गरे । उनले राज्यले गर्नुपर्ने काम संस्थाले गरेको भन्दै महिला खेलाडी उत्पादनमा यसको योगदान ठूलो रहेको उल्लेख गरे ।

पोखरा महानगरपालिका वडा नम्बर १९ का वडा अध्यक्ष पुस्पेन्द्र पाण्डेले संस्थाको योगदानको उच्च प्रशंसा गर्दै वडाबाट हुन सक्ने सहयोग गर्न सधै तयार रहेको प्रतिबद्धता व्यक्त गरे ।

संस्थाका पूर्व अध्यक्ष तथा खेलकुद उपसमिति संयोजक सुशीलकुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको संचालन सचिव थिरबहादुर थापाले गरेका थिए । कार्यक्रमको अध्यक्षता संस्था अध्यक्ष रेश्मा शेरचन अधिकारीले गरेकी थिइन् । सो अवसरमा संस्थाले पूर्व उपाध्यक्ष रवी मान सिंह भण्डारी, पुर्व सदस्यहरु सुरज नेपाली, भरत थापा, डम्बर मान सिह थापा, संस्थाको भवन निर्माण समिति रहेर सहयोग गर्ने पूर्व अध्यक्ष बुद्धि बहादुर खत्री क्षेत्री, उदबहादुर भण्डारी आदिलाई पनि सम्मानपत्र, दोसल्ला सहित गरेको छ । महोत्सवमा आयोजित अन्तर महिला समूह तीजगीत प्रतियोगिता आइतबारदेखि नै सुरु भएको छ । प्रतियोगितामा १८ वटा आमा समूहले भाग लिएका छन् । यसैगरी, पवित्रा गणेश अन्तरविद्यालय लोकनृत्य प्रतियोगितामा महोत्सवको दोस्रो दिन सोमबारदेखि सुरु हुने महोत्सवका साँस्कृतिक उपसमिति संयोजक कमलबहादुर थापाले जानकारी दिए । लोकनृत्यमा जम्मा १६ जनाले भाग लिएका छन् । सूचना तथा संचार उपसमिति संयोजक बुद्धिबहादुर खत्री क्षेत्रीले महोत्सवको अवसरमा शिक्षा, साहित्य, खेलकुद, युवा उद्यमशीलता विकासका क्षेत्रमा योगदान दिने श्रष्टालाई आयोजकले विगतमा झैं सम्मान गर्ने छ ।

महोत्सवका अन्तिम दिन पूर्व प्रधानमन्त्री प्रचण्डको उपस्थिति हुने छ । महोत्सवमा ५४ लाख ५ हजार खर्च हुने अनुमान आयोजकको रहेको आर्थिक संयोजक दिलबहादुर थापाले बताए । सामाजिक कार्यमा समेत क्रियाशील नवआदर्श सामुदायिक विकास समाजले महोत्सव संचालन गर्न स्थापना गरेको कोषमा २६ लाख संकलन भइसकेको र यसपालि डेढ लाख थप गर्ने लक्ष्य लिएको छ । महोत्सवको मुख्य सहयोगी बानियाँ किराना स्टोर्स लामाचौर हो ।

# राष्ट्रिय भलिबल प्रतियोगिता जारी, एपिएफको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**

**पोखरा, १२ भदौं**

२४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ अन्तरगत लामाचौर कप महिला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता जारी छ ।



आइतबार पुरुष राष्ट्रिय भलिबलमा सशस्त्र प्रहरी बल एपिएफले बुटवलको मणिमुकुन्द भलिबल क्लबलाई ३-१ सेटले पराजित गरेको छ । पहिलो सेटमा २०-२५ मा पराजित भएकोमा एपिएफले उत्कृष्ट पुनरागमन गर्दै पछिल्ला सेट आफ्नो पक्षमा पारेको हो । एपिएफले २५-१९, २५-२२ र २५-१९ मा मणिमुकुन्दलाई हराएको हो । आईतबार नै त्रिभुवन आर्मी क्लब र गण्डकी प्रदेशको टिमबीचको खेल भने लाइट प्रोटेस्टको कारण एक सेट सकिएपछि स्थगित भयो । स्थगित खेल सोमबार बिहान फेरि हुने भलिबलकी राष्ट्रिय रेफ्री शान्ति गुरुङ्ले जानकारी दिइन् ।

यसअघि शनिबारको नेपाल पुलिस र मणिमुकुन्दबीचको खेलमा भने नेपाल पुलिसले ३-१ सेट जित हासिल गरेको थियो ।

सोमबार महिला र पुरुषतर्फ गरी कुल ४ खेल हुनेछन् । पुरुषतर्फ पहिलो खेल आर्मी र गण्डकी, दोस्रो खेल एपिएफ र नेपाल पुलिसबीच हुनेछ भने महिलातर्फ पहिलो खेल नेपाल पुलिस र गण्डकी तथा अर्को खेल न्यु डायमण्ड र त्रिभुवन आर्मीबीच हुनेछ । अविरल वर्षाका कारण निर्धारित खेल तालिका पर सरेको छ । बिगतमा महिला भलिबल मात्र हुँदै आएकोमा यस पालि पुरुष राष्ट्रिय भलिबल पनि थपिएको हो । खेल लामाचौरको इन्द्रराज्यलक्ष्मी मावि प्राङ्गणमा भएको छ । प्रतियोगितामा महिलातर्फ चार र पुरुषतर्फ पाँच टिमले भाग लिएका छन् ।

महिला राष्ट्रिय भलिबल प्रतियोगितातर्फ नेपाल प्रहरी, त्रिभुवन आर्मी क्लब, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब र गण्डकी प्रदेशको टिमले भाग लिएका छन् भने पुरुषतर्फ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी क्लबसहित बुटवलको मणिमुकुन्द भलिबल क्लब र गण्डकी प्रदेशको टिम गरी ५ टिमले भाग लिएको प्रतियोगिता संयोजक शुसिलकुमार श्रेष्ठले बताए ।

महिला पुरुष दुवै तर्फका विजेताले १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गर्ने छन् । उपविजेताले १ लाख १११ र तेस्रो हुनेले ५० हजार १११, सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट विधामा आकर्षक पुरस्कार दिइनेछ ।

# राष्ट्रिय खेलकुद सफल बनाउने दलका भ्रातृ सङ्घ सङ्गठनको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**

**पोखरा, १२ भदौं**

देशका प्रमुख राजनीतिक दल निकट खेलकुदका भ्रातृ सङ्घ सङ्गठनले नवौं राष्ट्रिय खेलकुद सफल बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएका छन् ।

गण्डकी प्रदेशमा आगामी असोज २७ देखि कात्तिक ३ गतेसम्म आयोजना हुन गइरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता प्रदेशको गौरवसँग जोडिएकाले सफल बनाउन आफ्नो तर्फबाट पूर्ण सहयोग रहने उनीहरूले विश्वास दिलाएका हुन् । राष्ट्रिय खेलकुदका सम्बन्धमा प्रदेश खेलकुद परिषद् गण्डकीले आज पोखरामा आयोजना गरेको सर्वपक्षीय भेलामा ती सङ्गठनले राजनीतिक आग्रह पूर्वाग्रहभन्दा माथि उठेर गौरवसँग जोडिएको प्रतियोगिता सफल बनाउन लागिपर्ने प्रतिवद्धता जनाइएका छन् ।

नेपाली कांग्रेस निकट लोकतान्त्रिक खेलकुद सङ्घका केन्द्रीय अध्यक्ष देवेन्द्र शेरचनले राष्ट्रिय खेलकुद सफल बनाउन सवैको सामूहिक उत्तरदायित्व रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नवौं राष्ट्रिय खेलकुद सबै नागरिक र खेलप्रेमीहरुको साझा कार्यक्रम हो । यसलाई सफल बनाउनु साझा जिम्मेवारी हो ।" नेकपा (एमाले) निकट नेपाल खेलकुद महासङ्घ गण्डकी प्रदेशका सचिवालय सदस्य रामचन्द्र गिरीले ४० वर्षपछि गण्डकीमा आयोजना हुन लागेको राष्ट्रिय खेलकुद सफल बनाउन खेलकुद महासङ्घले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय खेलकुद सफल बनाउन यहाँ जुटेका छौं, यसले पनि समाजमा उत्कृष्ट सन्देश प्रवाहित हुनेछ ।"

नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल खेलकुद महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष जीवन खातीले १३औं दक्षिण एसियाली खेलकुद (साग) लगायतका विगतमा भएका खेलकुद कार्यक्रममा गरिएका कमिकमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने बताउनुभयो । "विगतका कमीकमजोरी समीक्षा गर्दै अघि बढ्दा प्रतियोगितालाई भव्य बनाउन सकिन्छ । खेलकुदलाई साझा रुपमा बुझ्न आवश्यक मात्रै छैन साझा कार्यक्रमका साथ अघि बढ्न पनि आवश्यक छ ।" उहाँले भन्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) निकट नेपाल खेलकुद महासङ्घका पूर्ण लामाले खेलकुदको महाकुम्भमा राजनीतिक विषयलाई पन्छाएर प्रतियोगिता सफल बनाउनुपर्नेतर्फ सबैको सामूहिक प्रयास हुनुपर्ने बताउनुभयो । प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङले राष्ट्रिय खेलकुदको तयारी स्वरुप अहिले खेलाडी छनोटको काम भइरहेको बताउनुभयो । जिल्ला छनोटपछि प्रादेशिक छनोट प्रतियोगिता सञ्चालन गरेर प्रदेशको टोली घोषणा गरिने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "हामी यति बेला जिल्लामा खेलाडी छनोटको प्रक्रियामा छौं । प्रतियोगिताको तयारीका काम भइरहेको, यहाँहरुको सबैको सक्रिय सहयोग र सहभागिताले राष्ट्रिय खेलकुद सफल बनाउन ठूलो सहयोग पुग्नेछ ।" प्रदेशका ११ वटै जिल्लामा खेलाडी छनोटका लागि जिल्ला छनोट सम्पन्न भएपछि पोखरामा यही भदौ १५ देखि १८ प्रादेशिक छनोट प्रतियोगिता सञ्चालन हुने परिषद्ले जनाएको छ । प्रदेशबाट अन्तिम छनोट भएका खेलाडीलाई आगामी भदौ २६ देखि असोज २६ गतेसम्म एक महिना आवासीय सुविधा सहित पोखरामा बन्द प्रशिक्षणमा राख्ने परिषद्को योजना छ ।

# तेस्रो टी-ट्वान्टी अन्तरराष्ट्रिय खेलमा नेपालको जीत

**पोखरापत्र संवाददाता**

**पोखरा, १२ भदौं**

केन्याविरुद्धको तेस्रो टी-ट्वान्टी अन्तरराष्ट्रिय खेलमा नेपाल विजयी भएको छ ।

केन्याको नैरोबीस्थित जिमखाना क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले केन्यालाई चार विकेटले हराएको हो । केन्याले दिएको एक सय ५७ रनको लक्ष्य नेपालले १९ दशमलव तीन ओभरमा छ विकेट गुमाएर एक सय ६० रन बनाएर पूरा गऱ्यो । नेपालका लागि ज्ञानेन्द्र मल्लले सर्वाधिक ४६ रनको योगदान दिए । यस्तै डेब्यु खेलाडी अर्जुन साउदले ३५ रन बनाए । रोहित पौडेल २९ रनमा आउट हुँदा पवन सर्राफले २० रन बनाए । आदील अन्सारीले १६ रन जोड्दा दीपेन्द्र सिंह ऐरी छ रनमा आउट भए ।

आरिफ शेख चार रनमा अविजित रहँदा करण केसी शून्य रनमा अविजित रहे । केन्याका भिराज पटेल र युगिनी ओचिङले दुई/दुई विकेट लिए भने इमान्युएल बुन्डी र कोलिन्स ओबुयाले एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको केन्याले २० ओभरमा दुई विकेट गुमाएर एक सय ५६ रन बनाएको थियो ।

केन्याका लागि रकिप पटेल र इरफान करिमले अर्धशतकीय इनिङ खेले । पटेलले अविजित रहँदै ७३ रन बनाए । यस्तै ४७ बलमा चार चौका र दुई छक्का प्रहार गरेका करिम ५५ रनमा अविजित रहे । कोलिन्स ओबुयाले १८ रन जोड्दा सुखदीप सिंहले आठ रन जोडे । नेपालका लागि सोमपाल कामी र आदील अन्सारीले एक/एक विकेट लिए । यस जितसँगै पाँच खेलको सिरिजमा नेपालले २-१ को अग्रता बनाएको छ । यसअधिको पहिलो खेलमा नेपालले केन्यालाई पाँच विकेटले हराएको थियो । दोस्रो खेलमा भने केन्याले नेपाललाई १८ रनले हराएको थियो । अब नेपाल र केन्याबीच चौथो टी-ट्वान्टी खेल भोलि सोमबार हुनेछ ।

सम्पत्ति विवरण समयमै बुझाऔं
जरिवानावाट बचौं ।

◆सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
◆आर्थिक वर्ष शुरु भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेस गरौं ।
◆भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# फैलिदै तीजको महत्व

केही वर्षअघि नेपालमा हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) पछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ । हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ । विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकारको रुपमा लिन थालेका छन् । समय अनुसार तीज फेरिदै गएको छ । सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन् । त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ ।

तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्व गीतको माध्यमबाट आवाज उठाउने चाडको रुपमा पनि लिने गरिएको छ । पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ । तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ । नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ । तीज आउनु भन्दा धेरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुराँहरुमा गएर मनाउने चलन बढेर गएको छ । हरेक कार्यालय, संघ, संस्था, राजनीतिक दल, भातृ संस्था, प्रतिष्ठा, जातीय संघ, संगठनले तीजको दर खुवाउने चलन शुरु भएको छ ।

अन्य चाड पर्व खुम्चने तर तीज फैलिएको छ । शहरबजारमा तीज आउनु भन्दा धेरै अगाडि महंगा पहिरन सकि नसकि किन्नुपर्ने, सारी, गहना देखाएर मनाउने चलन बढेको छ । अब स्कुलको शुल्क, छुट्ट्याए जस्तै तीज खर्च छुटट्याउनु पर्ने भएको छासामाजिक संजालमा जोडिन, भिडियो बनाउने, टिकटक बनाउने, यू ट्यूवमा भिअर्स बढाउनेले कमाउने मौका पाएका छन् । उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन् । तीजलाई मौलिक साँस्कृतिक पर्व बनाउन लाग्नुपर्नेहरु नै होटल, रेष्टुराँ पार्टी प्यालेसहरुमा बोलाएर भोज भतेर गराउने गरेका छन् । तीजमा महिला दिदीबहिनीहरुलाई माइत बोलाएर दर खुवाउने चलन हो । दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पार्ने बेला पनि हो । कुन संस्थाले सम्झ्यो, कुन संस्थाले सम्मान गर्यो भन्ने रुपमा हेर्न थालिएको छ । अरुबाट प्रायोजन गरेर आ आफ्नो संस्थाले दर खुवाएको र महिलालाई सम्मान गरेको नाटक मञ्चन गर्न थालेका छन् ।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नेहरु आफ्नै संस्थामा नेतृत्व दावी गर्दा खुट्टा तान्ने, मर्यादा नगर्ने प्रबृत्ति हटाउने वाचा गर्नुपर्ने वेला आएको छ । तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ । नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ । चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ । चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ । तीजलाई महिलामाथी हुने भेदभाव र कुसंस्कार विरुद्व अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ । नेपालमा महिलाहरु राजनीतिक रुपले जति सचेत छन् त्यसको प्रयोग व्यवहारिक रुपमा आउन सकेको छैन ।

संघ, प्रदेश र स्थानीय तहमा महिलाको प्रतिनिधत्व एक तिहाई छ । स्थानीय तहमा महिला प्रतिनिधित्व ४० प्रतिशत पुगेको छ । उनीहरुलाई क्षमता अभिवृद्धि तालिम दिने र आर्थिक रुपले सवल बन्न सके वास्तविक रुपमा महिला अधिकार सम्पन्न हुन्छन् । चाड पर्वको अवसरमा महिलालाई सचेत बनाउने र उनीहरुलाई पुरुषको अधिनमा रहनुपर्छ भन्ने सोच राख्ने विरुद्ध जुध्न सक्ने बनाउन सकेमा मात्र महिला ससक्तिकरण हुन सक्छ । महिलाहरूको महान चाड तीजको अवसरमा देशविदेशमा रहेका सम्पूर्ण महिलाहरुलाई हार्दिक शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तीज पर्व सुरु

## तीजको पहिलो दिन : ब्रत बस्ने सामर्थ्यका लागि दर खाने तयारी

रासस
काठमाडौं, १२ भदौं

हरितालिका (तीज) व्रतको तयारी स्वरुप आज दर खाने तयारीमा नेपाली महिला छन् । दरखाने दिनसँगै चार दिने तीज पर्व आजदेखि सुरु हुँदैछ । विशेषगरी नेपाली नारीले मनाउने हरितालिका अर्थात् तीजको पहिलो दिन आज दर खाइन्छ । माइतीले चेलबेटीलाई बोलाई दर खुवाउने परम्परा छ । दरका रुपमा विशेषगरी दुधबाट बनेका शुद्ध परिकार खाइन्छ । जसले व्रतका दिन आडिलो बनाउँछ ।

दर नीराहार व्रतका लागि

तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले आज वर्तालुहरुले शक्ति प्राप्तिका लागि मीठा मीठा एवं आडिलो परिकार दरका रुपमा खाई मङ्गलबारको व्रतका लागि पूर्व तयारी गर्छन् । विशेषगरी माइती एवं दाजुभाईले छोरी, चेली, दिदी बहिनीलाई बोलाई दर खुवाउने गर्दछन् । दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । महिलाहरुले वर्षदिनभर आफुलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरुले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् ।

तीजको संस्कृति बन्दैछ विकृति

पछिल्ला वर्षहरुमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक आएको छ । एक महिना अघिदेखि दर खाने, गरगहना एवं पोशाक प्रदर्शन गर्ने जस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको समाजशास्त्री कीर्तिकुमार राई बताउनुहुन्छ ।

यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्, धर्मशास्त्री एवं समाजशास्त्रीहरुले जोड दिएका छन् । एक महिना अघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थालेपनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीय रुपमा दर खाने दिनका लागि तोकिएको छ ।

पछिल्लो समय सरकारी कार्यालयमा समेत एक महिनाअघिदेखि नै तीज कार्यक्रमको तामझाम हुने गरेको छ । समाजमा सुरु भएको विकृति रोक्नुपर्ने जिम्मेवारी बोकेका सरकारी कार्यालय नै विकृतिका भासमा जाकिएपछि यसले संस्थागत रुप लिँदै गएको छ ।

दरसँगै सुरु हुँदै चार दिने तीज

सोमबार दर खाएपछि औपचारिक रुपमा सुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धती सहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ ।

यस वर्ष गणेशको उत्पत्ति भएको विश्वास गरिने गणेश चौथी भदौ १५ गते बुधबार, ऋषि पञ्चमी पर्व भदौ १६ गते बिहीबार मनाइने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । गणेश चौँथी प्रातः कालमा तिथि परेका दिन मनाइन्छ । ऋषि पञ्चमी भने मध्याह्न कालमा पञ्चमी परेका दिन मनाउनुपर्ने शास्त्रीय विधि छ ।

तीजको आगमनसँगै नेपाली महिलामा उत्साह जाग्ने गरेको छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् । यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मत रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख एवं पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ । हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ लगायत देशभरका शिवालयमा लाखौँ महिलाको भीड लाग्ने गर्छ । तीज सुरु भएसँगै रेडियो एवं टेलिभिजनले पनि 'तीजको रहर आयो बरी लै' गीत बजाइरहेको सुन्न सकिन्छ ।

# रोट्र्याक्ट फिस्टेलले मनायो कुशे औँशी र हरितालिका तिज

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

रोट्र्याक्ट क्लब अफ पोखरा फिस्टेलको आयोजना मापश्चिमाञ्चल डाइनोष्टिक एण्ड रिसर्च सेन्टर प्रा .लि संगको सहकार्यमा कुशे औंसि (बुबाको मखहेर्नेदिन) र हरितालिकातीजको अवसर पारेर अभिभावकका लागि हामीःअभिभावकको निशुल्क स्वास्थ्य परिक्षण शनिवार सम्पन्न भयो । कार्यक्रममा क्लबका सदस्यहरुका मातापिताको साथै जोन १६/१७ का रोट्र्याक्टरहरुको मातापिताको निशुल्क परिक्षण एवं स्वास्थ्य परामर्श कार्यक्रम आयोजना गरिएको हो । पश्चिमाञ्चल डाइनोष्टिक सेन्टरका अध्यक्ष पुरुषोतम सुवेदीले यस क्लबको अभिभावकका लागि यस्तो शुभदिनमा सो कार्यक्रमको प्रस्ताव गरेकाले आँफु एकदम प्रसन्न भएर सहकार्य गर्न अघि सरेको बताए । सेही कार्यक्रममा स्वास्थ्य परिक्षण गरी डा. नवराज बास्ताकोटी संग परामर्श समेत गरिएको थियो ।




क्लबका अध्यक्ष डिम्पल क्षेत्रीले आफ्नो क्लबमा सबै महिलामात्रै सदस्य रहेको र आजभोली सम्पूर्ण चाडपर्वहरु भड्किलो र देखावटी हुन थालेकाले त्यस्ता क्रियाकलापको परिवर्तन महिलाहरुबाटै गर्न सम्भव रहेकाले बुबाकोमुख हेर्ने दिन र हरितालिका तीज केहि फरक हिसाबले गर्न सकिन्छ भन्ने ठानेर "अभिभावकको लागि हामी : अभिभावकको निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम आयोजना गरेको बताइन्" । कार्यक्रममा कुल ६० जनाको सहभागिता रहेको थियो भने कार्यक्रम संचालन कार्यक्रम संयोजक अक्ष थापा मगरले गरेकी थिइन् ।

# बागलुङमा कृषि र पशुपालनमा १५ करोड बढीका योजना

पोखरापत्र संवाददाता
बागलुङ, १२ भदौं

जिल्लामा सङ्घीय तथा प्रदेश सरकारले कृषि तथा पशुपालन विकासको क्षेत्रमा झण्डै रु १५ करोड खर्च गर्ने भएका छन् । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत सो रकम ती दुई सरकारले विनियोजन गरेका हुन् ।

गण्डकी प्रदेश सरकारअन्तगर्तका कृषि ज्ञान केन्द्र बागलुङ र भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्र बागलुङ तथा सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत उक्त बजेट खर्च हुने भएको हो । कृषि ज्ञान केन्द्रले रु पाँच करोड ५५ लाख बजेट पाएको छ । सोमध्ये चालु खर्च रु पाँच करोड ४३ लाख १० हजार र पूँजीगत खर्च रु ११ लाखमात्रै रहेको कार्यालय प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो । उत्पादनमा अनुदान, किसान प्रोत्साहनका लागि अनुदान, पूर्वाधार निर्माण तथा क्षमता विकासका क्षेत्रमा उक्त बजेट खर्च हुनेछ ।

केन्द्रले चालु आवमा ३० साना सिँचाइआयोजना, दुई ग्रामीण पोषण सुधार कार्यक्रम, रैथानेबाली संरक्षण, विशेष बाली प्रवर्द्धन, नयाँ बगैँचा स्थापना क्षेत्रविकास कार्यक्रम, तरकारी उत्पादनमा प्रोत्साहन कार्यक्रम, बाली बीमा र आकस्मिक बाली संरक्षणलगायतका कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो । भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रले चालु आर्थिक वर्षमा रु चार करोड ८८ लाख ९१ हजार खर्च गर्ने छ । विनियोजित बजेटअनुसार रु चार करोड ६९ लाख ९१ हजार चालु खर्चका लागि बजेट पाएको केन्द्रले रु १९ लाख पूँजीगत खर्च गर्ने छ ।

चालुतर्फ प्रशासनिक खर्च, तालिम तथा गोष्ठी, सीप विकास र जनचेतना तथा कार्यक्रमका लागि विनियोजित बजेट खर्च हुनेछ । पशुपक्षी तथा मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम, पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, पशु आणुवंशिक स्रोत संरक्षण कार्यक्रमलगायतका कार्यक्रममा पूँजीगत खर्च हुने केन्द्रका प्रमुख चिकित्सक ऋषिराम सापकोटाले जानकारी दिनुभयो ।

त्यस्तै बागलुङ र पर्वत तथा गुल्मीको दुई स्थानीय तहसमेत कार्यक्षेत्र रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले बागलुङमा मात्रै झण्डै रु पाँच करोड रुपैयाँ खर्च गर्दैछ । पकेट, ब्लक र जोन कार्यक्रम सञ्चालनमार्फत उक्त बजेट खर्च हुने परियोजना कार्यान्वयन एकाइका निमित्त प्रमुख सुजित पौडेलले जानकारीदिनुभयो । जिल्लामा आलु जोन र बाख्रा जोन कार्यक्रम सञ्चालनमा रहेका छन्भने पकेट र ब्लक कार्यक्रम एक दर्जनभन्दा धेरै छन् । स्थानीय सरकार सञ्चालन ऐनले कृषि र पशुपालन क्षेत्रको अधिकार स्थानीय तहलाई दिएको भएपनि स्थानीय तहको बजेटकै हाराहारीमा सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले समेत बजेट खर्च गर्ने छन् । सशर्त र निशर्त गरी यहाँका १० स्थानीय तहले एकदेखि दुई करोडका बीचमा बजेट विनियोजन गरेका छन् । यहाँका गाउँपालिकाभन्दा नगरपालिकाले कृषि तथा पशुपालनका लागि कम बजेट विनियोजन गर्ने गरेका छन् ।

सङ्घीय तथा प्रदेश सरकार माताहातका कार्यालयका कार्यक्रमसमेत कृषकसँग सिधै जोडिनेभन्दा विभिन्न शीर्षकमा टुक्रा पारेर खर्चमात्रै बढाउनेगरी आएका छन् । तीनवटै कार्यालयले हालै आगामी आवका कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रममार्फत सर्वसाधारणलाई जानकारी गराएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख अमर थापाले कार्यक्रम कार्यान्वयनमा जोड दिनुभयो । विनियोजित कार्यक्रम किसानको खेतबारीमा पुगेमा मात्रै ती कार्यक्रम सफल हुने उहाँको धारणा थियो ।

# 'जनता नगरपालिकामा हैन नगरपालिका जनता कहाँ'

रासस
बागलुङ, १२ भदौं

बागलुङ नगरपालिकाले जनप्रतिनिधिले कार्यभार सम्हालेको सयदिन भित्रै बागलुङ नगरको सदरमुकाम केन्द्रित सेवालाई गाउँमा विस्तार गर्न सफल भएको छ ।

'जनता नगरपालिका होइन नगरपालिका जनताकहाँ' भन्ने मूल नाराका साथ नगरपालिकाले सय दिनमा एक हजार ५०० जनालाई गाउँमै पुगेर सेवा दिएको छ । नगरपालिकाले घुम्ती सेवा शिविरको आयोजना गरेर नगरपालिकाको सबै सेवा वडा-वडामा पुऱ्याउँदा जनतामा उत्साह छाएको हो । बागलुङ नगरपालिकाले सय दिनमा ठूला आयोजनाको समन्वय, फोहर व्यवस्थापन, पार्किङ व्यवस्थापनका लागि पहलदेखि नगरपालिकाका मुख्य सेवा गाउँमै पुऱ्याउन सफल भएको नगरपालिकाले जनाएको छ । नगरप्रमुख वसन्तकुमार श्रेष्ठका अनुसार निर्वाचनका बेला कल्पना गरेका योजना सय दिनभित्रै कार्यान्वयनको चरणमा पुगेकाले जनतामा सकारात्मक प्रभाव पार्न थालिएको बताउनुभयो । नगरपालिकाले सय दिन पूरा भएको अवसरमा सार्वजनिक गरेको उपलब्धि ३२ बुदाँमा उल्लेख गरेको छ ।

सो अवधिमा सुशासनको क्षेत्रमा उल्लेख्य प्रगति गरेसँगै नगरपालिकाको सदरमुकाम केन्द्रित सेवा गाउँमा पुऱ्याएको विषयलाई बढी जोड दिएको जनाइएको छ । नगरपालिकाले घुम्ती सेवा शिविरमार्फत नगरका दुर्गम वडा रायडाँडा, भकुण्डे, अमलाचौर, पैयूँपाटा र नारायणस्थानमा नगरका पाँच मुख्य सेवा प्रदान गरिसकेको र अन्य वडामा समेत लगत्तै सेवा दिने जनाएको छ । नगरपालिकाले असारमा मात्रै विकासे योजना सम्पन्न गर्ने परिपाटीको अन्त्यका लागि भदौमै योजना सम्झौता थालेको छ । नगरपालिकाले पहिलो चरणमा बागलुङ नगरपालिका-११ रायडाँडा र १० नम्बर वडाको भुकण्डेमा घुम्ती सेवा शिविर आयोजना गरेको थियो । यस्तै दोस्रो चरणमा नगरपालिकाको १२, १३ र १४ वडामा सो सेवा पुऱ्याइएको छ ।

दुई चरणमा पाँच वटा वडामा दिएको स्वास्थ्य शिविर, योजना सम्झौता, माटो परीक्षण, अपाङ्गता परिचयपत्र वितरण तथा नवीकरण र वित्तीय साक्षरता प्रदानबाट एक हजार ५०० सेवाग्राही लाभान्वित भएको बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । "जनताको थुप्रै अपेक्षाकाबीच नगरपालिकाले सय दिनमा केही सकरात्मक प्रभाव छोड्न सफल भएको छ, नागरिकलाई योजना सम्झौता गर्न, बैंक खाता खोल्न समस्या थियो, हामीले एक मुष्ठ सेवा सबै वडामा लगेका छौँ १४ मध्ये ५ वडामा सम्पन्नसमेत गरिसकेका छौँ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो "अब जनता नगरपालिकाकोमा धाउने हैन नगरपालिका जनताकोमा धाउने गरी कामको थालनी गरेका छौँ ।" अब नगरपालिकाको सामान्य सेवा लिन सदरमुकाम आउनुपर्ने बाध्यताको अन्त्य गरी वडाबाटै धेरै सेवा लिनेगरी काम थालनी भइरहेको छ । बागलुङ नगरपालिका-११ रायडाँडास्थित दुर्गा सापकोटाको बुबाआमा र दुई भाइले पहिलो पटक घुम्ती शिवरमा अपाङ्गता परिचयपत्र प्राप्त गर्नुभएको थियो । नगरपालिकाले उहाँ जस्तै एक सय ६७ जनालाई अपाङ्गता परिचयपत्र वितरण र नवीकरण गरेको छ । अपाङ्गता परिचयपत्र वडामै पहिलोपटक पाउँदा खुसी लागेको मात्रै छैन सापकोटालाई बल्ल नजिकको सरकार भएको आभास भएको छ । नगरपालिकाले हालसम्म वडामै पुगेर ९३ योजना सम्झौता, आठ सय ६९ जनाको स्वास्थ्य परीक्षण, २३ जनाको यौन रोग, दुई सय ७८ जनाको कोरोना परीक्षण, तीन सय ५१ जनाको आँखा परीक्षण, १२ जनाको मलेरिया परीक्षण र ११ वटा टोल विकास संस्थासमेत गठन गरेको बागलुङ नगरपालिकाका उपप्रमसख राजु खड्काले बताउनुभयो ।

नगरपालिकाले कानुन बमोजिम नगरपालिकाको मुख्य जिम्मेवारीलाई पाँच वटा विषयगत समिति गठन गरी कार्य जिम्मेवारी बाँडफाँट गरिएका, १० लाख सम्मका योजना तथा कार्यक्रमको अनुगमन वडास्तरीय अनुगमन समितिबाट अन्तिम अनुगमन गरी भुक्तानी हुने गरी वडातहलाई जिम्मेवार बनाइएको, नगरप्रमुखसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखले उपलब्धि सूचकसहितको कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन गर्ने पद्धतिको सुरुआत गरिएको, नगरको वास्तविक अवस्थाको चित्रणसहितको ३८ बुँदे श्वेतपत्र सार्वजनिक गरेको नगरपालिकाले जनाएको छ ।

# सुस्ताएको कुश्मालाई उठाउने 'यान्त्रिक पुल'

–सुमनजङ्ग थापा

कुश्मा, १२ भदौं (रासस)

पर्वतका गाउँगाउँमा मोटरबाटो पुगेको छ । उपभोग्य वस्तु सहजै गाउँमा पाइन थालेको छ । स्थानीय सरकार आएपछि प्रशासनिक कामका लागि गाउँबाट सदरमुकाम कुश्मा धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ । यहाँको व्यापार व्यवसाय फष्टाएको छ। व्यवसायी विभिन्न विकल्प खोज्दै छन् ।

व्यापार व्यवसायलाई अघि बढाउन पाँच सयभन्दा बढी व्यवसायी तथा स्थानीयले बागलुङको बलेवा र कुश्मालाई जोड्न केबलकार मोडेलको यान्त्रिक पुल सञ्चालनमा ल्याएका छन् । यसले सुस्ताएको कुश्मालाई जुरमुराउने काम गरेको छ । सदरमुकाम कुश्मा र दक्षिणी बागलुङका दर्जन बढी गाविसलाई जोड्ने काम यही यान्त्रिक पुलले गरेको छ । पर्वत उद्योग वाणिज्य सङ्घको अग्रसरतामा कालीगण्डकीको खोंच माथि करिब रु पाँच करोड खर्चेर निर्माण गरिएको उक्त पुलमा दैनिक तीन सयभन्दा बढी यात्रु आवतजावत गर्दै आएका छन् ।

"हामीले बागलुङ र पर्वतलाई जोड्न यान्त्रिक पुलको निर्माण गरेका हौँ", बलेवा यान्त्रिक पुल लिमिटेडका अध्यक्ष होमनारायण श्रेष्ठले भन्नुभयो, "सङ्घीयता आइसकेपछि पर्वतको व्यवसाय धरासायी बन्दै गएका बेला यहाँको व्यवसाय चलायमान बनाउन पुलले महत्वपूर्ण काम गरेको थियो ।" दक्षिणी बागलुङमा उत्पादन भएका कृषिउपज बिक्रीका लागि कुश्मामा ल्याइन्छ । खाद्यान्न कुश्माबाट बागलुङतर्फ लैजाने गरिन्छ । पुलले दुई जिल्लाकै व्यापार व्यवसायमा मद्दत पुऱ्याएको छ । त्यस्तै स्वास्थ्य, शिक्षा, रोजगारीलगायतमा पनि यसले सहजता प्रदान गरेको छ । "बागलुङको दक्षिणी भेगका बासिन्दाका लागि पुल निकै लाभदायिक सावित भएको छ", यान्त्रिक पुल चढ्दै गर्दा भेटिनुभएका बलेवाका गोविन्दप्रसाद सिग्देलले भन्नुभयो, "हाम्रा छोराछोरी कुश्माको विद्यालयमा पढ्न जान्छन् । यहाँबाट रोजगारीका लागि कुश्मा जाने पनि धेरै छन् । पुलले भूगोल मात्र नभई पर्वत र बागलुङका बासिन्दाको मन पनि जोडेको छ ।" दक्षिणी बागलुङ क्षेत्रका नारायणस्थान, अमलाचौर, कुश्मिशेरा, दमेक, सर्कुवा, पैंयुन्थापलगायतका स्थानीयलाई बागलुङ बजार पुग्नुभन्दा कुश्मा आउन सहज हुने गरेको छ। उनीहरु पोखरा र काठमाडौँ जाँदासमेत यान्त्रिकपुलकै प्रयोग गरी कुश्मा आएर गाडी चढ्ने गर्छन् । प्रशासनिकबाहेक अन्य कामका लागि पनि उनीहरु कुश्मा नै आउने गरेका छन् ।

बागलुङको दक्षिणी भेगका स्थानीयलाई घण्टौं लगाएर भिरको बाटो भएर कुश्मा आइपुग्नुपर्ने बाध्यता अब हटेको छ। त्यहाँका बान्दिालाई भाडादरमा सहुलियतसमेत दिइएको छ। अन्य यात्रुले एकतर्फीको रु एक सय १३ तिर्नुपर्ने हुन्छ भने उनीहरुले रु ८५ मात्र तिरे पुग्छ।

नेपाली प्राविधिकले बनाएको यान्त्रिक पुल नेपालकै पहिलो हो । तारको सहायतामा दुई डिब्बालाई वारिपारि गराइन्छ । एउटा डिब्बामा आठ यात्रु बस्न मिल्छ भने छ सय किलो सामान ढुवानी गर्न सकिन्छ । पछिल्लो समय यान्त्रिक पुल आन्तरिक पर्यटकको रोजाइमा समेत पर्न थालेको छ।

# म्याग्दीमा सुरु भयो चुनावी चहलपहल

–ध्रुवसागर शर्मा

गलेश्वर, १२ भदौं (रासस)

सङ्घ र प्रदेशको निर्वाचन आउन अब करिब साढे तीन महिना बाँकी रहँदा म्याग्दीमा विभिन्न राजनीतिक दलको चुनाव केन्द्रित चहलपहल सुरु हुन थालेको छ।

मङ्सिर ४ गते हुने प्रदेश र सङ्घको निर्वाचनलाई लक्ष्य गर्दै जिल्लाका राजनीतिक दलले चुनाव केन्द्रित भेला, छलफल र गोष्ठीजस्ता गतिविधि सञ्चालन गर्न थालेका छन् । चुनावको तयारीका लागि जिल्लाका सक्रिय राजनीतिक दलका नेताहरु कार्यकर्ता तथा मतदाताको अपेक्षा बुझ्नका लागि गाउँ पसेका छन् । कांग्रेसले सबै पालिकामा कार्यकर्ता प्रशिक्षण र भेटघाट कार्यक्रम सकेर गत शुक्रबारदेखि 'जनताको साथमा कांग्रेस' नामक एकमहिने अभियान सञ्चालन गरेको छ।

जिल्लाका सबै स्थानीय तहमा एक साताभित्र पालिकास्तरीय कार्यकर्ता भेला, सङ्गठन सुदृढीकरण, भ्रातृसंस्था र शुभेच्छुक संस्थाको तयारीसहित रणनीति निर्माणलगायत कार्यक्रम सकेर 'जनताको साथमा कांग्रेस' अभियानलाई तीव्रता दिइएको जिल्ला कार्य समितिका सचिव हीराबहादुर पुनले जानकारी दिनुभयो। जिल्ला सभापति खमबहादुर गर्बुजा 'खम्बीर'ले आगामी मङ्सिरमा हुने प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा कांग्रेसलाई पहिलो दल बनाउन पार्टी पङ्क्तिलाई चुस्तरुपमा परिचालन गर्ने बताउनुभयो।

निर्वाचनमा पालिकास्तरीय, वडास्तरीय र गाउँटोलस्तरीय चुनावी अभियानको तयारीमा जुट्न उहाँले निर्देशन दिनुभएको छ । वर्तमान सरकारले गरेका कामको प्रचारप्रसार, पार्टीको नीति ,विचार, सिद्धान्त तथा कार्यक्रमका बारेमा सबै नागरिकलाई बुझाउन आवश्यक रहेकाले यो अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

नेकपा (एमाले)ले पालिकास्तरीय कार्यकर्ता प्रशिक्षण सकेर वडास्तरमा प्रशिक्षण र भेटघाट थालेको छ । नेकपा (माओवादी केन्द्र)ले जिल्ला समन्वय समितिको बैठक बसेर सङ्गठन सुदृढीकरण अभियान सुरु गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला कार्यसमितिको बैठकले प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारको टुङ्गो लगाइ सिफारिससमेत गरिसकेको छ । एमालेका जिल्लाअध्यक्ष देवेन्द्रबहादुर कटुवालले गत साउन महिनामा जिल्लाका सबै छ वटा स्थानीय तहमा अगुवा कार्यकर्तालाई प्रशिक्षण सञ्चालन भइसकेको बताउनुभयो । निर्वाचनलाई लक्ष्य गरेर नेकपा (एमाले) ले एकमहिने अभियानअन्तर्गत जिल्लाका वडादेखि जिल्लास्तरका भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरी निर्वाचन क्षेत्रस्तरीय भेला बैठक गरिरहेको छ । एमालेले पार्टी अभियान र निर्वाचन लक्षित रणनीतिक योजनासहित पार्टीका सबै तहका नेता तथा कार्यकर्तालाई क्रियाशील बनाउन निर्देशनसमेत दिएको छ। गत वैशाखमा भएको स्थानीय तह चुनावपछि सुस्ताएको राजनीतिक गतिविधि राजनीतिक दलका नेताहरु गाउँ पसेपछि बढ्न थालेको छ । प्रशिक्षण र भेटघाटका कार्यक्रम बनाएर नेता कार्यकर्ता गाउँ पसेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीले त प्रतिनिधिसभामा पूर्वसहायकमन्त्री जगतप्रसाद गौचन, प्रदेशसभा क्षेत्र (क)मा रामबहादुर शाही र क्षेत्र (ख) मा होमबहादुर थापालाई उम्मेदवार बनाउन नाम नै सिफारिस गरिसकेको जनाएको छ।

जिल्लामा प्रतिनिधिसभाका लागि एक र प्रदेशसभाका लागि दुई वटा निर्वाचन क्षेत्र छन्। गत २०७४ को चुनावमा प्रतिनिधिसभामा एमालेका भूपेन्द्रबहादुर थापा, प्रदेशसभा क्षेत्र (क)मा माओवादीका विनोद केसी र क्षेत्र (ख)मा एमालेकी नरदेवी पुन विजयी हुनुभएको थियो । यसपटकको निर्वाचनमा उम्मेदवारका आकाङ्क्षी बढेका भए पनि मतदाता तथा कार्यकर्ताको मनोभावना, बुझेर उम्मेदवार चयन गर्ने नेताहरुको भनाइ छ । विगतको अनुभव, सफलता र कमजोरी पहिचान गरेर चुनाव जित्ने रणनीति बनाउने दलका नेताहरुले बताएका छन् । गत स्थानीय तह चुनावमा म्याग्दीमा एमालेले चार पालिका प्रमुख, तीन वडा उपप्रमुख र १८ वडा, कांग्रेसले दुई पालिका प्रमुख, एक उपप्रमुख, १७ वडा र माओवादी केन्द्रले दुई उपप्रमुख र छ वडा जितेका थिए।

यसपटकको निर्वाचनमा जनताका अपेक्षा पनि बुझेर उम्मेदवार छनोट गर्ने मनस्थितिमा दलहरु देखिन्छन् । स्वच्छ छविको व्यक्तिले निर्वाचनमा टिकट पाउनुपर्छ, नेताहरूको वरिपरि घुम्नेभन्दा पनि जनतामाझ लोकप्रिय उम्मेदवार हुनुपर्छ, विकासप्रेमी र सुशासन कायम गर्ने व्यक्ति, जनभावना बुझ्ने र गाउँ केन्द्रित हुने खालको उम्मेदवार पहिचान गरेर भोट दिने मनस्थितिमा म्याग्देली जनता रहेका छन्।

# अन्तरदेशीय व्यापार मेला नहुँदा स्थानीयवासी मर्कामा

पोखरापत्र संवाददाता

म्याग्दी, १२ भदौं

कोरला नाकामा अन्तरदेशीय व्यापार मेला सञ्चालन नहुँदा मुस्ताङका बासिन्दा मर्कामा परेका छन् । चीनको स्वशासित क्षेत्र तिब्बत र मुस्ताङको लोमान्थाङ गाउँपालिकाको सिमानामा रहेको कोरलानाकामा पछिल्लो तीन वर्षयता अन्तरदेशीय व्यापार मेला सञ्चालन हुन सकेको छैन। बर्खा र हिउँद सुरु हुनुअघि हरेक वर्ष असार र भदौ महिनामा लाग्दै आएको व्यापार मेला कोरोना (भाइरस)को महामारी फैलिएपछि रोकिएको थियो।

कोरोना महामारीको असर घटेको र खोपको विकास भइसके पनि नाकामा व्यापार मेला सञ्चालन नहुँदा मुस्ताङका बासिन्दा मर्कामा परेका लोमान्थाङ गाउँपालिका-५ का वडा अध्यक्ष ढुढुके विष्टले बताउनुभयो।

"दैनिक उपभोग्य, निर्माण सामग्री, फर्निचर र लत्ताकपडा तिब्बतबाट ल्याउँदा सस्तो पर्छ", उहाँले भन्नुभयो, "मेला सञ्चालन नहुँदा भारतीय बजारबाट आयात भएका महँगो सामान उपभोग गर्नुपर्दा मर्का परेको हो।" तिब्बतबाट च्याङ्ग्रा आयात नहुँदा नेपालमा उत्पादन भएको भेडाच्याङ्ग्राले माग धान्न नसक्दा मूल्य महँगिएको छ। सरकारले राजस्व गुमाएको छ। चीन र नेपालका प्रशासन तथा सुरक्षा निकायको समन्वयमा कोरला नाकाको १० किलोमिटर चीनको भूगोलमा व्यापार मेला सञ्चालन हुने गरेको थियो।

नेपालीले भेडाच्याङ्ग्रा, खाद्यान्न, लत्ताकपडा, निर्माण, किराना, विद्युतीय, इन्धन र कस्मेटिकलगायतका सामग्री आयात गर्दथे । बहुमूल्य यार्सागुम्बा, पशिमना, आलु र फापरलगायतका सामग्री चीनतर्फ निर्यात हुन्थ्यो। सांसद प्रेमप्रसाद तुलाचनले प्रतिनिधिसभा बैठकमा कोरला नाकामा व्यापार मेला सञ्चालनका लागि संसद् मार्फत परराष्ट्र मन्त्रालयमा ध्यानाकर्षण गराउनुभएको थियो । मेला सञ्चालन हुँदा लोमान्थाङको नेचुङमा रहेको भन्सार कार्यालयले वार्षिक रु १५ लाखको हाराहारीमा राजस्व सङ्कलन गर्दथ्यो। विस २०७२ को नाकाबन्दीपछि सरकारले उत्तर/दक्षिण जोड्ने कालीगण्डकी करिडोर सडक आयोजनालाई कोरला नाकासम्म विस्तार गर्न विसं २०७४ देखि बेनी-जोमसोम-कोरला सडक आयोजना निर्माण सुरु गरेको थियो । जोमसोमदेखि कोरला जोड्ने एक सय १० किलोमिटर सडकमध्ये २५ किमी दूरीको चराङ-छोसेर खण्डबाहेक अन्य छ वटा खण्डलाई दुई लेनको बनाएर ग्राभेल गर्ने काम सकिएको छ । कुल ७६ किलोमिटर दूरीको बेनी-जोमसोम खण्डको चार वटामध्ये एक वटा खण्डको कालोपत्र सकिएको छ। लोमान्थाङ गाउँपालिका-१ छोसेरको नेचुङमा विसं २०७७ जेठमा स्थापना भएको सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बिओपी)को भवन निर्माण भइरहेको छ। सीमावर्ती क्षेत्रमा हुने सम्भावित अपराध नियन्त्रण, सीमासुरक्षा र स्थानीय जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा २० जना सुरक्षाकर्मी खटाइएको छ।

मुस्ताङस्थित कोरला नाका सञ्चालन गर्ने लक्ष्यअनुसार २०७३ सालमा सशस्त्र प्रहरीसहित नेपाली सेनालाई लुङ्फाटमा एक हजार दुइ सय ७१ रोपनी, भन्सार कार्यालयलाई एक सय नौ रोपनी, जनपथ प्रहरीलाई १३ रोपनी र अध्यागमनका लागि १२ रोपनी जग्गा उपलब्ध भएको थियो। कोरला नाकादेखि करिब १२ किमी नेपालतर्फ रहेको नेचुङमा भएको जग्गा उपयुक्त नभएको भन्दै पछिल्लो समय कोरला नाकाको सीमा क्षेत्रमा भन्सारलगायतका पूर्वाधार निर्माण गर्न पुनःएक हजार रोपनी जग्गा छुट्याइएको छ । यसअघि लोमान्थाङको लुङ्कफाटमा नेपाली सेनाको शिविरसमेत स्थापना भइसकेको छ। कोरला नाकामा सुख्खा बन्दरगाहा निर्माणका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको नेपाल इन्टरमोडल ट्रान्सपोर्ट डेभलपमेन्ट बोर्डले भौगोलिक अवस्था पहिचान, बन्दरगाहा निर्माणको विस्तृत खाका र लागत अनुमान तयार पार्ने अध्ययन गरेको थियो । चीनले आफ्नो भूगोलमा पूर्वाधार तयार पारेको छ । ढोङ्वासेनको बजारदेखि कोरला नाकासम्मको सडक कालोपत्र गरेको छ। दशगजाको नजिकै चिनको भूगोलतर्फ भन्सार, अद्यागमन र सुरक्षा निकायका लागि दुई वटा भवन बनाइसकेको छ।

कोरला नाका समुन्द्री सतहदेखि चार हजार ७०० मिटरको उचाइमा छ। गण्डकी प्रदेशसभा सदस्य इन्द्रधारा विष्टले लोमान्थाङलाई व्यापारिक सहरका रुपमा विकास गर्न लोमान्थाङ गाउँपालिकामार्फत बस्ती विकासको सम्भावना अध्ययन थालिएको बताउनुभयो।

# भत्किए चौतारी, पुरिए पोखरी, हराउँदै इतिहास

पोखरापत्र संवाददाता

पर्वत, १२ भदौं

'भरिया दाइले बिसाउने भारी सुन माया डाँडैको चौतारी' कलाकार विष्णु खत्रीले गाउनुभएको यो गीत सुन्दा चौतारीको सम्झना दिलाउँछ। हुन पनि भारी बोकेर हिँड्नेहरू कतिबेला चौतारी पुगिएला र भारीको बोझ बिसाउँला भन्ने गर्दथे।

भारी बोक्ने मात्र होइन, बाटो हिँड्ने बटुवासमेत चौतारी भेटेपछि थकानलाई विश्राम लिन्थे । बरपिपलको चौतारीमा बसेर थकित शरीरलाई विश्राम लिँदा छुट्टै आनन्द आउँथ्यो त्यो बेला।

अहिले ती इतिहास बोकेका चौतारी, पोखरी र पँधेरा बिरानो हुँदै गएका छन्। बरपिपलका रुख पनि बुढेसकाल लागेर सुक्दै गएका छन् । धोद्रा लागेका रुखले तिनै बटुवालाई कुरिरहेका छन् । कुनै बेला सञ्चारको विकास नहुँदा अगाडि हिँड्दै गरेको साथीले पछि आउँदै गरेको साथी भेट्न चौतारीमा कुरेर बस्ने प्रचलनसमेत थियो। एक दशक अगाडि बाटेमा देखिने चिटिक्क परेका चौतारी अहिले एकादेशको कथा बन्न थालेका छन्। विकास निर्माणको गतिसँगै भौतिक विकासमा दौडिरहेको हाम्रो समाज यतिबेला त्यतै अल्मलिँदा पुराना संरचना भत्किँदै जान थालेका हुन् । एक दशक अगाडि पर्वत सदरमुकाम कुश्मा आउनजान प्रयोग हुने पैदलमार्ग मोदीवेणी, मुडिकुवाअन्तर्गत सिर्सुवाको चौतारी बटुवाहरूको थकाइ मेट्ने स्थानका रूपमा चिनिन्थ्यो । कुश्माबाट भारी बोकेर फर्किएका भरिया मोदीवेणीको उकालो काटेर सिर्सुवाको चौतारीमा विश्राम लिँदा भारीको थकान बिर्सन्थे। डाँडाको चौतारीमा चल्ने चिसो हावाले उकालो चढ्दा पसिनाले भिजेको शरीरलाई शीतलता दिन्थ्यो । चौतारीमा बिसाइ मेट्नेहरूको सङ्ख्या बढ्दै जाँदा नजिकै रहेका होटल व्यवसायीको पनि व्यापार बढेको थियो। कुश्मा आउनेहरू बाटोमा पानी पर्दा मोदीवेणीमा रहेको ठाँटीमा ओत बस्न पाउँदा घरमै पुगेको आभास हुन्थ्यो। आज ती चौतारी, पाटीपौवा झाँडीले भरिएका स्थानीय थानेश्वर भुसालले बताउनुभयो। चौतारीका ढुङ्गा लेउ लागेका छन्, संरक्षण अभावमा छन् । यो त एउटा उदाहरण मात्र हो आज कैयौँ चौतारी यस्तै अवस्थामा पुगेको उहाँको भनाइ छ।

बाटो आसपासका कुवा तथा पोखरी यतिबेला मोटरबाटोले पुरिएका छन् । पैदलयात्री हिँड्ने गाउँको गोरेटो बाटो सुनसानै भएका छन् । इतिहास बोकेका ती ढुङ्गे छपनी बिछ्याएका बाटा त्यस्तै अवस्थामा छन्। बाटो हिँड्दा पानी पर्दा घामले पौल्दा अनि कुनै गन्तव्यमा हिँडेका बटुवा साँझ पर्दा बास बस्ने ठाँटीमा कोही पुग्दैन, ती पुराना संरचना भत्किएका छन् । अहिले पाटीपौवा बन्न छाडेका छन्, विकासले फड्को मारेको हाम्रो समाजमा गाउँमा मोटरबाटो पुगेपछि हिलाम्मे भएका सडकमा यतिबेला गाडी गुडिरहेका छन् । हिलाम्मे बाटो भए पनि गाडीमा यात्रा गर्नुपर्ने गाउँलेको बाध्यता बनिसकेको छ। महाशिलाका वृद्ध झमनाथ अधिकारीले भन्नुभयो, "भौतिक विकाससँगै गाउँको इतिहास बोकेका गोरेटो बाटो चौतारी, पोखरी, पाटीपौवाको अस्तित्व हराउँदै गएको गयो।"

पछिल्लो समय गाउँगाउँमा पर्यटन प्रवर्द्धनको धारणा आए पनि स्थानीय तहबाट यस्ता ऐतिहासिक संरचना पुनःनिर्माणको चर्चा चलेको पाइएको छैन । पूर्वाधार विकासका नाममा सडक सञ्जालको विकासलाई नै मुख्य विकास मानिँदै आएको पाइन्छ । आधुनिक विकाससँगै बाउबाजेले स्थापना गरेका ती ऐतिहासिक संरचनाको प्रवर्द्धन हुन नसक्दा सङ्कटमा परेको स्थानीय पदमपाणि शर्माले बताउनुभयो। "गाउँमा भएका यस्ता पुराना संरचना जोगाइराख्नु सबैको जिम्मेवारी हो", उहाँले भन्नुभयो। त्यसैले सङ्कटमा परेका इतिहास बोकेको संरचना संरक्षणमा लाग्नुपर्ने देखिन्छ । वातवरणका दृष्टिकोणले पनि मानव सभ्यतासँग जोडिएका संरचना जोगाइ राख्नुपर्ने तपाईं हामी सबैको दायित्व रहेको उहाँ बताउनुहुन्छ। पछिल्लो समय वातवरण संरक्षण अभियानअन्तर्गत डिभिजन वन कार्यालयद्वारा चौतारीपोखरी संरक्षण अभियान सञ्चालन गरिए पनि यस अभियानमा स्थानीयवासीको सहभागिता देखिँदैन । गत आर्थिक वर्षमा पर्वत जिल्लामा छवटा चौतारी र ११ वटा पोखरी निर्माण भएको डिभिजन वन कार्यालय पर्वतका प्रमुख विष्णु अधिकारीले बताउनुभयो। यस वर्ष पनि सामुदायिक वन क्षेत्रमा पानीका मुहान संरक्षण अभियानअन्तर्गत पोखरी निर्माण गर्ने तथा हरियाली प्रवर्द्धनका लागि चौतारी निर्माण अभियान सञ्चालन गर्ने डिभिजन वन कार्यालय पर्वतले जनाएको छ।

# दोर्दीखोलाबाट बिजुली उत्पादन सुरु

पोखरापत्र संवाददाता

लमजुङ, १२ भदौं

हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले लमजुङमा निर्माण गरेको दोर्दीखोला जलविद्युत् आयोजनाबाट बिजुली उत्पादन परीक्षण सुरु गरेको छ। दोर्दीखोलामा निर्माण गरिएको २७ मेगावाट क्षमताको यस आयोजनाले सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्दै आजदेखि बिजुली उत्पादन परीक्षण सुरु गरेको आयोजना प्रमुख मुन्ना शाक्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले केही महिना अघि नै निर्माण कार्य सम्पन्न गरे पनि उत्पादित बिजुली जोड्ने २२० केभीको राष्ट्रिय प्रसारण लाइन निर्माण भई नसकेकाले समय लागेको थियो।" यहाँ प्राधिकरण अध्ययन टोली आएर जाँच गर्न थालेको र चार/पाँच दिनसम्म परीक्षण चल्ने उहाँको भनाइ छ। परीक्षण सफल भएमा व्यावसायिक रुपमा बिजुली उत्पादन गरिने आयोजना प्रमुख शाक्यले बताउनुभयो । यसअघि आयोजनाले विभिन्न भागको परीक्षण गरेको थियो। आयोजनाका इन्चार्ज दीपक ज्ञवालीका अनुसार इलेक्ट्रो-मेकानिकल, पेनस्टकको इनटेक, फिल्डर पाइपलगायत काम सम्पन्न गर्दै ती सबैको सफल परीक्षणसमेत भइसकेको छ।

पेनस्टकको सात सय मिटर, तीन हजार दुई सय मिटरको सुरुङ खन्ने तथा पाइप विछ्याएको छ भने अर्को दुई हजार दुई सय ७० मिटर सुरुङ रहेको छ । आयोजनाको बाँधस्थल दुई सय १२ मिटर 'ग्रसहेड' रहेको छ । बेँसीसहर नगरपालिका-११ रामचोकबेँसीमा पावरहाउस रहेको छ । विसं २०७२ फागुनदेखि निर्माण सुरु गरिएको यस आयोजनाले विसं २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको तर नाकाबन्दी, अघिल्लो वर्षायाममा विद्युत् गृहमा मर्स्याङ्दी नदीको पानी छिरेर मेशिनरी सामानमा पुऱ्याएको क्षति, कोरोनाका कारण जारी निषेधाज्ञा र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकाले पनि निर्माणमा ढिलाइ हुँदै आएको र निर्धारित समयमा काम सम्पन्न हुन नसकेर पटक-पटक म्याद थप्दै निर्माण सम्पन्न गरिएको आयोजनाले जनाएको छ।

पछि समय थपेर विसं २०७६ चैत मसान्तसम्ममा निर्माण सक्ने सम्झौता गरे पनि सोही अवधिमा पनि निर्माण सम्पन्न नभएपछि असारसम्म सक्ने गरी म्याद बढाइएको थियो । सो समयमा पनि निर्माण सम्पन्न गर्न नसकेपछि पुस महिनामा बिजुली उत्पादन गर्ने लक्ष्यका साथ काम अघि बढाइएको थियो । बिजुली उत्पादन गर्न नसकेपछि विसं २०७७ चैत महिनासम्मको निर्माण अवधि रहेको तर सम्पन्न हुन नसकेको र पटकपटक समय थप गर्दै आएको यस आयोजनाले बल्ल बिजुली उत्पादन परीक्षण थालेको हो । सुरुमा रु चार अर्ब २३ करोड लाग्ने अनुमानका साथ आयोजनाले निर्माण थालनी गरे पनि निर्माण अवधि लम्बिँदै गएकाले रु चार अर्ब ६४ करोडसम्म खर्च हुनसक्ने आयोजनाको अनुमान छ । यस आयोजनामा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को ३५ दशमलव सात प्रतिशत, आईएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ।

विद्युत् प्राधिकरण र सो कम्पनीबीच विसं २०६९ असार १ गते पीपीए सम्झौता भएको थियो । आयोजनाका अनुसार सुक्खा याममा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने सम्झौता भएको छ। जिल्लामा यस आयोजना बाहेक अन्य आयोजनाले समेत निर्धारित समयमा आयोजना निर्माण सम्पन्न नभएपछि म्याद थप गर्दै अघि बढिरहे पनि चाँडै बिजुली उत्पादन गर्ने तयारीमा रहेका छन्।